# शान्तिको शक्तिको महत्त्व

शान्तिका सागर बाबा आफ्ना शान्तिका अवतार बच्चाहरू सँग मिल्न आउनु भएको छ। आजको संसारमा सबै भन्दा आवश्यक चीज शान्ति हो। त्यही शान्तिका दाता तिमी बच्चाहरू हौ। कसैले जतिसुकै विनाशी धन, विनाशी साधनद्वारा शान्ति लिन चाहोस् तर पनि अविनाशी शान्ति पाउन सक्दैन। आजको संसार धनवान भएर पनि, सुखका साधन भएर पनि अविनाशी सदाकालको शान्तिको भिकारी छ। यस्ता शान्तिका भिकारी आत्माहरूलाई तिमी मास्टर शान्तिदाता, शान्तिका भण्डार, शान्ति स्वरूप आत्माहरूले अंचली दिएर सबैको शान्तिको प्यास, शान्तिको इच्छा पूर्ण गर। बापदादालाई अशान्त आत्माहरूलाई देखेर दया लाग्छ। यत्ति प्रयत्न गरेर विज्ञानको शक्तिले कहाँ देखि कहाँ पुगेका छन्, के-के बनाइरहेका छन्, दिनलाई रात पनि बनाउन सक्छन्, रातलाई दिन पनि बनाउन सक्छन् तर आफ्नो आत्माको स्वधर्म शान्ति, त्यसलाई प्राप्त गर्न सकेका छैनन्। जति शान्तिको पछाडि भाग-दौड गरिरहेका छन्, त्यति नै अल्पकालको शान्ति पछि परिणाम भने अशान्ति नै मिलेको छ। अविनाशी शान्ति सर्व आत्माहरूको ईश्वरीय जन्म-सिद्ध अधिकार हो। तर जन्म-सिद्ध अधिकारको लागि कति मेहनत गर्छन्। सेकेन्डमा प्राप्ति छ तर सेकेन्डको प्राप्तिको लागि पूरा परिचय नभएको कारणले कति धक्का खान्छन्, पुकार्छन्, कराउँछन्, चिन्तित हुन्छन्। यसरी शान्तिको पछाडि भट्किने आफ्ना आत्मिक रूपका भाइहरूलाई भाइ-भाइको दृष्टि देऊ। यही दृष्टिले नै उनीहरूको सृष्टि बदलिन्छ।

तिमीहरू सबै शान्तिका अवतार आत्माहरू सदा शान्त स्वरूप स्थितिमा रहन्छौ नि? अशान्तिलाई सदाको लागि विदाई दियौ हैन? अशान्तिको विदाई उत्सव मनायौ वा अब मनाउने हो? जसले अहिले सम्म अशान्तिको विदाई उत्सव मनाएका छैनौ, अब मनाउनु छ, यस्ता कोही यहाँ छौ? त्यसको मिति तोकिदिऊँ? जसलाई अहिले उत्सव मनाउनु छ उनीहरूले हात उठाऊ। कहिल्यै स्वप्नमा पनि अशान्ति नआओस्। स्वप्न पनि शान्तिमय भइसकेका छन् नि! शान्तिदाता बाबा हुनु हुन्छ, शान्ति स्वरूप तिमी हौ। धर्म पनि शान्त, कर्म पनि शान्त छ भने अशान्ति कहाबाट आउँछ? तिमीहरू सबैको कर्म के हो? शान्ति दिने। अहिले पनि तिमीहरू सबैका भक्तहरूले आरती गर्दा के भन्छन्? शान्ति देवा। तिनीहरूले यो कसको आरती गरेका हुन्? तिम्रो वा केवल बाबाको? शान्ति देवा बच्चाहरू सदा शान्तिका महादानी, वरदानी आत्माहरू हौ। शान्तिका किरणहरू विश्वमा मास्टर ज्ञान सूर्य बनेर फैलाउनेवालामा यही नशा छ नि– बाबाको साथ-साथै हामी पनि मास्टर ज्ञान सूर्य हौं अथवा शान्तिका किरणहरू फैलाउने मास्टर सूर्य हौं।

आफ्नो वृत्तिद्वारा सेकेन्डमा स्वधर्मको परिचय दिएर स्व-स्वरूपमा स्थित गराउन सक्छौ नि? कुनचाहिँ वृत्ति? यस आत्मालाई पनि अर्थात् हाम्रो यस भाइलाई पनि बाबाको वर्सा मिलोस्। यो शुभ वृत्ति अथवा शुभ भावनाले अनेक आत्माहरूलाई अनुभव गराउन सक्छौ। किन? किनकि भावनाको फल अवश्य मिल्छ। तिमीहरू सबैको श्रेष्ठ भावना छ, स्वार्थ रहित भावना छ, दयाको भावना छ, कल्याणको भावना छ। यस्तो भावनाको फल नमिलोस् त्यो हुनै सक्दैन। बीज शक्तिशाली छ भने फल अवश्य प्राप्त हुन्छ।

केवल यस श्रेष्ठ भावनाको बीजलाई सदा स्मृतिको पानी दिइराख, समर्थ फल प्रत्यक्ष फलको रूपमा अवश्य प्राप्त हुनु नै छ। प्रश्न उठ्दैन– हुन्छ वा हुँदैन भन्ने। सदा समर्थ स्मृतिको पानी छ अर्थात् सर्व आत्माहरू प्रति शुभ भावना छ भने विश्व शान्तिको प्रत्यक्षफल मिल्नु नै छ। सर्व आत्माहरूको जन्म-जन्मान्तरको आशा बाबाको साथ-साथै सबै बच्चाहरूले पनि पूर्ण गरिरहेका छौ र सबैको हुनु छ।

जसरी अहिले अशान्तिको आवाज चारैतिर चर्किरहेको छ, तन-मन-धन-जन सबै तर्फबाट अशान्ति अनुभव गरिरहेका छन्। भयले सर्व प्राप्तिको साधनले पनि शान्तिको बदलामा अशान्तिको अनुभव गराइरहेको छ। आजका आत्माहरू कुनै न कुनै भयको वशीभूत छन्। खाइरहेका छन्, चलिरहेका छन्, कमाइरहेका छन्, अल्पकालको मोज पनि मनाइरहेका छन् तर भयको साथमा। के थाहा भोलि के हुन्छ! जहाँ भयको सिंहासन हुन्छ, जब नेता नै भयको कुर्सीमा बसेका छन् भने प्रजाको के हुन्छ होला! जति ठूला नेता त्यति अङ्ग रक्षक हुन्छन्। किन? भय छ नि। त्यसैले भयको सिंहासनमा अल्पकालको मोज कस्तो हुन्छ? शान्तिमय वा अशान्तिमय? बापदादाले यस्ता भयभीत बच्चाहरूलाई सदाकालको सुखमय, शान्तिमय जीवन दिनको लागि तिमीहरू सबै बच्चाहरूलाई शान्तिको अवतारको रूपमा निमित्त बनाउनु भएको छ। शान्तिको शक्तिले विना खर्च कहाँ देखि कहाँसम्म पुग्न सक्छौ? यस लोकबाट पनि पर। आफ्नो मीठो घरमा कति सजिलै पुग्छौ! मेहनत लाग्छ? शान्तिको शक्तिले कति सजिलै प्रकृतिजीत, मायाजीत बन्छौ? के द्वारा? आत्मिक शक्तिद्वारा। जब एटोमिक र आत्मिक दुवै शक्तिहरूको मेल हुने छ, तब आत्मिक शक्तिले एटोमिक शक्ति पनि सतोप्रधान बुद्धिद्वारा सुखको कार्यमा लाग्ने छ, तब दुवै शक्तिहरूको मिलनद्वारा शान्तिमय दुनियाँ यस भूमिमा प्रत्यक्ष हुने छ किनकि शान्ति र सुखमय स्वर्गको राज्यमा दुवै शक्ति हुन्छन्। त्यसैले सतोप्रधान बुद्धि अर्थात् सदा श्रेष्ठ, सत्य कर्म गर्ने बुद्धि। सत अर्थात् अविनाशी पनि हो। हर कर्म, अविनाशी बाबा र अविनाशी आत्मा यो स्मृतिले अविनाशी प्राप्ति गराउनेवाला हुने छन् त्यसैले भनिन्छ सत्य कर्म। त्यसैले यस्तो सदाको लागि शान्ति दिने, शान्तिका अवतार हौ। बुझ्यौ। अच्छा–

यसरी सदा सतोप्रधान स्थितिद्वारा सत कर्म गर्ने आत्माहरू, सदा आफ्नो शक्तिशाली भावनाद्वारा अनेक आत्माहरूलाई शान्तिको फल दिने, सदा मास्टर दाता बनेर, शान्ति देवा बनेर शान्तिका किरणहरू विश्वमा फैलाउने, यस्ता बाबाका विशेष कार्यका सहयोगी आत्माहरूलाई बापदादाको याद-प्यार एवं नमस्ते। रूहानी बच्चाहरूको रूहानी बाबालाई गुडमर्निङ्ग, नमस्ते।

**लन्डनका नोबेल विजेता वैज्ञानिक जोसिफसन बापदादा सँग मिलिरहेका छन्:–**

शान्तिको शक्तिलाई पनि अनुभव गरेका छौ? किनकि शान्तिको शक्तिले सारा विश्वलाई शान्तिमय बनाउँछ। तिमी पनि शान्ति प्रिय आत्मा हौ नि! शान्तिको शक्तिद्वारा विज्ञानको शक्तिलाई पनि यथार्थ रूपले कार्यमा लगाउनाले विश्व कल्याण गर्न तिमी निमित्त बन्न सक्छौ। विज्ञानको शक्ति पनि आवश्यक छ तर केवल सतोप्रधान बुद्धि बन्नाले मात्र यसलाई यथार्थ रूपले प्रयोग गर्न सक्छौ। आज केवल यही ज्ञानको कमी छ– यथार्थ रीतिले यसलाई कार्यमा कसरी लगाउने? यही विज्ञान यस ज्ञानको आधारले

नयाँ सृष्टिको स्थापनाको निमित्त बन्ने छ। तर आज त्यो ज्ञान नभएको कारणले विनाश तिर उन्मुख हुँदै गएको छ। त्यसैले अब यो विज्ञानको शक्तिलाई साइलेन्सको शक्तिको आधारले राम्रो कार्यमा लगाउन निमित्त बन। यसमा पनि नोबल प्राइज लिन्छौ नि! किनकि आवश्यकता यही कार्यको छ। जब जुन कार्यको आवश्यकता हुन्छ, त्यसमा निमित्त बन्नेलाई सबैले श्रेष्ठ आत्माको नजरले हेर्ने छन्। बुझ्यौ के गर्नु छ? अहिले साइन्स र साइलेन्सको सम्बन्ध कस्तो छ र दुवैको सम्बन्धले कति सफलता मिल्न सक्छ, यसको अनुसन्धान गर। अनुसन्धान गर्ने रूचि छ नि! अब यो गर्नु छ। यति ठूलो कार्य गर्नु छ। यस्तो दुनियाँ बनाउँछौ नि? अच्छा–

**यु.के. ग्रुप सँग:–** सिकिलधे बच्चाहरू सदा नै बाबा सँग मिलेका छन्। सदा बाबा साथ हुनु हुन्छ, यो अनुभव सदा रहन्छ नि? यदि बाबाको साथबाट अलिकति पनि किनारा गऱ्यौ भने मायाको आँखा बडो तेज हुन्छ। जब उसले देख्छ– यो अलिकति किनारा भएको छ, तब आफ्नो बनाउँछ, त्यसैले कहिल्यै पनि किनारा नहुनु। सदा साथ। जब बापदादाले स्वयं सदा साथ रहने प्रतिज्ञा गरिरहनु भएको छ भने साथ लिनु पर्छ नि। यस्तो साथ सारा कल्पमा कहिल्यै मिल्दैन जुन अहिले बाबा आएर भनिरहनु भएको छ मेरो साथमा रहने गर। यस्तो साथ सत्ययुगमा पनि हुँदैन। सत्ययुगमा पनि आत्माहरू सँग रहन्छौ। सारा कल्पमा बाबाको साथ कति समय मिल्छ? धेरै कम समय छ नि। त्यसैले थोरै समयमा यति ठूलो भाग्य मिल्छ भने सदा साथ रहनु पर्छ नि। बापदादाले सदा परिपक्व स्थितिमा स्थित रहने बच्चाहरूलाई हेरि रहनु भएको छ। कति प्यारा-प्यारा बच्चाहरू बापदादाको सामुन्ने छन्। एक-एक बच्चाहरू धेरै प्रिय छन्। बापदादाले यति प्यारले सबैलाई कहाँ-कहाँबाट छानेर जम्मा गर्नु भएको छ। यस्ता छानिएका बच्चाहरू सदा नै पक्का हुन्छन्, कच्चा हुन सक्दैनन्।

**व्यक्तिगत महावाक्य:**

## विशेष पार्टधारी अर्थात् हर कदम, हर सेकेन्ड सदा अलर्ट, सुस्त होइन

सदा आफूलाई हिंड्दा-डुल्दा, खाँदा-पिउँदा बेहद सृष्टि नाटकको स्टेजमा विशेष पार्टधारी आत्मा अनुभव गर्छौ? जो विशेष पार्टधारी हुन्छ, उसलाई सदा हर समय आफ्नो कर्म अर्थात् पार्ट माथि ध्यान रहन्छ किनकि सारा ड्रामाको आधार हीरो पार्टधारीमा हुन्छ। यो सारा ड्रामाको आधार तिमीहरू हौ नि। त्यसैले विशेष आत्माहरूलाई अथवा विशेष पार्टधारीहरूलाई सदा त्यति नै ध्यान रहन्छ? विशेष पार्टधारी कहिल्यै पनि सुस्त हुँदैनन्, अलर्ट रहन्छन्। त्यसैले कहिलेकाहीँ सुस्ती त आउँदैन? गरि त रहेको छु, पुगिहाल्छु... यस्तो त सोच्दैनौ? गरि त रहेका छौ तर कुन गतिले गरिरहेका छौ? चलि त रहेका छौ तर कुन गतिले चलिरहेका छौ? गतिमा पनि अन्तर हुन्छ नि। कहाँ पैदल चल्ने र कहाँ प्लेनमा उड्नेवाला! भन्न त भनिन्छ पैदलवाला पनि गइरहेका छन्, प्लेनवाला पनि गइरहेका छन् तर फरक कति हुन्छ? त्यसैले केवल चलिरहेका छौ, ब्रह्माकुमार बन्यौ अर्थात् चलिरहेका छौ तर कुन गतिले? तीव्र गतिवाला नै समयमा गन्तव्यमा पुग्छन्, नत्र पछाडि पर्छन्। यहाँ पनि प्राप्ति त हुन्छ तर सूर्यवंशीको हुन्छ वा चन्द्रवंशीको? अन्तर त हुन्छ नि। त्यसैले सूर्यवंशीमा आउनाको लागि हर संकल्प, हर बोलबाट

साधारणता समाप्त होस्। यदि कुनै हीरो कलाकारले साधारण अभिनय गऱ्यो भने उसमाथि हाँस्छन् नि। त्यसैले यो सदा स्मृति रहोस्– म विशेष पार्टधारी हुँ। हरेक कर्म विशेष होस्, हरेक कदम विशेष होस्, हर सेकेन्ड विशेष, हर समय, हर संकल्प श्रेष्ठ होस्। यस्तो होइन– यो ५ मिनेट मात्र साधारण भएको हो। ५ मिनेट ५ मिनेट हुँदैन, संगमयुगको ५ मिनेट धेरै महत्त्वपूर्ण छ, ५ मिनेट ५ वर्ष भन्दा पनि बढी हुन्छ त्यसैले यति ध्यान रहोस्। यस्तालाई भनिन्छ तीव्र पुरुषार्थी। तीव्र पुरुषार्थीहरूको स्लोगन के हो? "अहिले नभए कहिल्यै हुँदैन"। यो सदा याद रहन्छ? किनकि सदाको राज्य-भाग्य प्राप्त गर्न चाहन्छौ भने ध्यान पनि सदाको रहोस्। अहिलेको थोरै समयको सदाको ध्यान धेरैकालको लागि प्राप्ति गराउनेवाला छ। त्यसैले हर समय यो स्मृति रहोस् र जाँच होस्– चल्दा-चल्दै कहिलेकाहीँ साधारणता त आउँदैन? जसरी बाबालाई परम आत्मा भनिन्छ, परम हुनु भयो नि। त्यसैगरी जस्तो बाबा, त्यस्तै बच्चाहरू पनि हरेक कुराका परम अर्थात् श्रेष्ठ बन।

अब स्वयंको पुरुषार्थ पनि तीव्र होस् र सेवामा पनि कम समय, कम मेहनत लागोस् र सफलता धेरै होस्। एकले अनेकले जति काम गर्नु छ। त्यसैले यस्तो योजना बनाऊ। पंजाब हो त पुरानो। सेवाको आदिबाट छौ त्यसैले आदि स्थानले कुनै आदि रत्न निकाल। त्यसै पनि पंजाबलाई शेर भन्छन् नि। शेर गर्जिन्छ। त्यसैले गर्जिनु अर्थात् प्रभावकारी आवाज निकाल्नु। अब हेर्छु– के गर्छौ र कसले गर्छौ?

**वरदान:– अमृतबेला देखि रातिसम्म यादको विधिपूर्वक हर कर्म गर्ने सिद्धि स्वरूप भव**

अमृतबेला देखि राति सम्म जे पनि कर्म गर्छौ, यादले विधिपूर्वक गर तब हर कर्मको सिद्धि मिल्छ। सबै भन्दा ठूलो सिद्धि हो– प्रत्यक्षफलको रूपमा अतीन्द्रिय सुखको अनुभूति हुनु। सदा सुखको लहरमा, खुशीको लहरमा लहराइरहन्छौ। त्यसैले यो प्रत्यक्षफल पनि मिल्छ र भविष्य फल पनि मिल्छ। यस समयको प्रत्यक्षफल अनेक भविष्य जन्मको फल भन्दा पनि श्रेष्ठ छ। अहिले भर्खरै गऱ्यो अहिले भर्खरै मिल्यो– यसलाई भनिन्छ प्रत्यक्षफल।

**स्लोगन:–** स्वयंलाई निमित्त सम्झेर हरेक कर्म गऱ्यौ भने न्यारा र प्यारा रहन्छौ, मेरोपन आउन सक्दैन।